कर्णाली प्रदेश सरकार

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

वीरेन्द्रनगर, सुर्खेत, नेपाल

पत्र-संख्याः २०८२/०८३ (प्रदेश प्रशासन) च.सं.: मिति : २०८३/०३/२५

स्तर वृद्धिका लागि निवेदन पेस गर्ने सम्बन्धी सूचना।

सूचना प्रकाशित मिति २०८३।०३।२५

कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ८ बमोजिम कर्णाली प्रदेश निजामती सेवाका कर्मचारीहरूले यो सूचना प्रकाशित भएको मिति देखि मिति २०८३/०३/३२ गतेभित्र सोही ऐन (संशोधन समेत) को दफा २७ तथा २७क बमोजिम स्तर वृद्धिका लागि तपसिलको कागजातसहित देहायका निकायमा निवेदन पेस गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

देहायः-

१. प्रदेश स्वास्थ्य सेवा बाहेकका सबै सेवा/समूहका पाँचौं र सातौं तहका कर्मचारीहरूले क्रमशः छैटौं र आठौं तहमा स्तरवृद्धिका लागि कार्यरत रहेको सम्बन्धित मन्त्रालय, सचिवालय, आयोग तथा केन्द्रीय निकायमा।
२. प्रदेश स्वास्थ्य सेवाका चौथो, पाचौं, छैटौं र सातौं तहका कर्मचारीहरूले क्रमशः पाचौं, छैटौं, सातौं र आठौं तहमा स्तरवृद्धिका लागि कार्यरत रहेको सम्बन्धित मन्त्रालय, सचिवालय, आयोग तथा केन्द्रीय निकायमा।
३. प्रदेश निजामती सेवाका सबै सेवा/समूहका नवौं तहका कर्मचारीहरूले दशौं तहमा स्तरवृद्धिका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा।
४. दफा ११२ बमोजिम सजायको अभिलेख नभएको प्रदेश निजामती सेवाका तहविहीन कर्मचारीहरूले अख्तियारवाला समक्ष।

सङ्लग्न राख्नुपर्ने कागजातहरूः-

१. सक्कल निवेदन।
२. हालको पदमा नियुक्ति पत्रको प्रमाणित प्रतिलिपि।
३. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।
४. नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।
५. समायोजन भएको पत्रको प्रमाणित प्रतिलिपि।
६. अद्यावधिक वैयक्तिक विवरण (PIS) को प्रतिलिपि।
७. पछिल्लो पाँच वर्षको कार्यसम्पादन मूल्याङ्कन फाराम। (पछिल्लो पाँच वर्षको कार्यसम्पादन मूल्याङ्कन फाराम पेस गरेको निकायको विवरण)
८. हालसम्म विभागीय कारवाही नपरेको तथा प्रचलित कानून बमोजिम स्तर वृद्धिको लागि अयोग्य नरहेको स्वघोषणा।

२०८३।०३।२५

शाखा अधिकृत

वीरेन्द्रनगर-७ ईत्राम, सुर्खेत ।
टेलिफोन : ०८३-५२२५००, ५२२५५५, ५२५६१५, ५२४८३२, ५२२५३३, ५२११२५, ५२१०८५
इमेल: ocmcmkarnali@gmail.com
वेब: http://www.ocmcm.karnali.gov.np

Scanned with CamScanner